चुरे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घरखेडा, कैलाली



चुरे गाउँपालिकाको

आ.व. २०८२/०८३ को वार्षिक आय व्यय सहितको विवरण

वार्षिक बजेट तथा कार्यक्रम

२०८२ असाढ १० गते मंगलबार

CamScanner

चुरे गाउँपालिका
गाउँ सभा
घरखेडा, कैलाली
सुदूरपश्चिम प्रदेस, नेपाल

सभाध्यक्ष महोदय एवं गाउँसभा सदस्यज्यू

नेपाली जनताको सार्वभौम नागरिक अधिकार प्राप्तीका लागि दशकौं लामो संघर्श र बलिदानबाट हाँसिल भएको संघीय लोकतान्त्रिक गणतनत्र नेपालको स्थापना पश्चात गठन भएको यस गाउँपालिकाको दोस्रो उपाध्यक्षको हैसियतले विनियोजन विधेयक यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउदा खुसी लागेको छ।

यस महत्वपूर्ण अवसरमा मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा बदल्ने क्रममा जीवन उत्सर्ग गर्ने सम्पूर्ण महान सहिदहरु, राष्ट्र प्रति समर्पित समस्त दिवंगत योद्धा राजनितिज्ञ तथा आदरणीय नेतृत्व बर्ग प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु।

यस गाउँपालिकाको वार्षिक बजेट यस गरिमामय सभा समक्ष प्रस्तुत गर्नुपुर्व बजेटले सम्बोधन गर्न खोजेको विषय र क्षेत्र स्पष्ट पार्न यस्को कार्यान्वयनशिलताको प्रत्याभुती दिन कार्यान्वयन योग्य तथा नतिजा उन्मुख बनाउन विशेस कार्यक्रम संचालन गर्ने गरी बजेटको बाँडफाड गरेको छ।

बजेटका प्राथमिकता र सिद्धान्तहरु:

- यस सम्मानित सभाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र चालु आर्थिक वर्षमा शुरु गरिएका नीति तथा कार्यक्रमहरुको निरन्तरतालाई पनि विनियोजन ऐन, २०८२ को सिद्धान्त तथा प्राथमिकता तय गर्दा मुख्य आधारको रुपमा लिएको छ।

विवरोज शाही
प्रमुख प्रशासकीय अधिकृत
गाउँ सभा
सचिव

बहादुर बोगटी
उपाध्यक्ष

❖आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटले विद्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुका अधुरा भवन तथा क्रमागत रुपमा संचालन भएका सडक आयोजनाहरुलाई केन्द्र भागमा राख्नुपर्नेछ।यसका निमित्त भौतिक पुर्वाधार तथा शैक्षिक क्षेत्रको गुणस्तर अभिवृद्धि हुने खालको कार्यक्रम संचालनमा ल्याईनेछ।

❖देशमा आर्थिक संकट फैलिरहेको यस सन्दर्भमा गाउँपालिका भित्र रोजगारीको समस्या समाधान गर्न कृषि र पशुपालन तर्फ आकर्षित हुने खालका योजना तर्जुमा मा बजेट केन्द्रित रहनेछ।

❖यस गाउँपालिकामा कार्यरत विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु सँग सहकार्य र समन्वय गरी शिक्षा, स्वास्थ्य, कृषि, पशु, भौतिक पूर्वाधार, खानेपानी तथा सरसफाई लगायतका क्षेत्रहरुमा लगानी अभिबृद्धि गर्नुपर्नेछ।

❖गाउँपालिकाको आन्तरिक श्रोत कम हुनु र संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने बजेटको सिमा पनि घटेर आउनुले आगामी आर्थिक वर्षमा बजेट अपर्याप्त हुने निश्चित छ। यसका निमित्त बजेटले सक्दो रुपमा अनावस्यक खर्च कटौती गर्ने, नगरपालिकालाई प्राप्त हुन सक्ने करका दायराहरु फराकिलो पार्ने र आयका बैकल्पिक मार्ग पहिचान गर्ने तर्फ पनि केन्द्रित हुनुपर्ने देखिएको छ। यसका लागि करदाता शिक्षा संचालन गर्ने, नियमित र प्रभावकारी बनाउने र सबै किसिमका व्यवसायलाई करको दायरामा ल्याई आन्तरिक राजश्व बृद्धिमा सहयोग पुग्ने खालका क्रियाकलापहरु संचालन गरिनेछ।

❖संघ तथा प्रदेश कानुन सँग तादात्म्यता कायम हुने गरी गाउँपालिकालाई आवस्यक पर्ने अधिकांश कानुन तथा निति निर्माण भईसकेको छ भने आवस्यकता अनुसार अन्य ऐन कानुन नीति नियम तथा कार्यविधिहरु आगामी आ.व. भित्र निर्माण गरिनेछ।

विविराज साता
प्रमुख प्रशासकीय अधिकृत
गाउँ सभा
सचिव

बक बहादुर बोगटी
गाउँ सभा
अध्यक्ष

❖शासकीय प्रणालीमा सूचना प्रविधि मैत्री र आधुनिक विद्युतीय शासन प्रणाली को अभ्यास गरिनेछ। शासनलाई पारदर्शि, जवाफदेही, सहभागितामुलक र उत्तरदायी बनाई गाउँपालिका भित्र सुशासन कायम गर्ने तर्फ बजेट केन्द्रित रहनेछ।

❖गाउँबासीलाई सूचनाको हकको प्रत्याभुती गर्न नागरिक स्वतन्त्रता, मौलिक अधिकार र मानव अधिकार सँग सम्बन्धित पक्षहरुको जानकारी लिने प्रेश स्वतन्त्रतालाई बढवा दिन बजेट केन्द्रित रहनेछ।

❖स्वच्छ, स्वतन्त्र, निश्पक्ष, विश्वसनीय तथा सक्षम न्यायीक कार्यसम्पादन र कानुनी व्यवस्थाको प्रत्याभुत गर्न गाउँपालिका अन्तर्गतका न्यायीक संरचनाहरुलाई सबल र सक्षम बनाउदै न्याय सम्पादन बढावा दिनु बजेटको प्राथमिकता हुनेछ।

❖गाउँपालिकाबाट सञ्चालन गरिने भौतिक, सामाजिक पुर्वाधारका योजनाहरु कार्यान्वयनको लागि उपभोक्ता समितिको लागत साझेदारी, तेस्रो पक्ष अनुगमन लगायतका क्षेत्रमा अर्थपुर्ण जनसहाभागिता प्रवर्द्धन गर्न र साझेदारीको अवधारणालाई विकास गर्न यस बजेटले जोड दिनेछ।

❖गाउँपालिकाको भौगोलिक बनावट र विकटतालाई मध्यनजर गर्दै निर्माण भएका यातायात क्षेत्रको स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ। स्थानीय सडक , कृषि सडक, ग्रमिण सडक, झोलुङ्गेपुल लगायतका सडक निर्माण एवं मर्मत तथा गाउँमा संचालित यातायातलाई व्यवस्थित बनाई नागरिकलाई सहज यातायात सुविधाको प्रत्याभुत गरिनेछ।

विधिराज पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

गाउँ सभा
सचिव

चक्र बहादुर बोगटी
अध्यक्ष

सभाध्यक्ष मोहदय, गाउँसभा सदस्यज्यूहरु:

आ.व. २०८१/०८२ को विनियोजित बजेटको २०८२ असार ४ गते सम्मको खर्च प्रस्तुत गर्न चाहन्छु।

चालु आ.व. २०८१/०८२ को कुल विनियोजित बजेट **रु.४९ करोड ९२ लाख २८ हजार २७५** विनियजित बजेट मध्य चालु तर्फ **रु.३३ करोड ९३ लाख ९८ हजार ६ सय ३४** अर्थात ६७.९८ % र पुजीगत तर्फ **रु.१५करोड ९८ लाख २९ हजार ६ सय ४१अर्थात** ३२.०२% विनियोजित भएको थियो, जसमध्ये मिति २०८२ असाढ ४ सम्ममा चालु खर्च **रु.२१ करोड ४० लाख १७ हजार ३४८.४९** अर्थात **६३.०५%** र पुजिगत खर्च तर्फ **रु. ८ करोड ३८ लाख २३ हजार ९५० रुपिया ५४ पैंशा** अर्थात ५२.४४% खर्च भएको देखिन्छ।

सभाध्यक्ष महोदय एवं गाउँसभा सदस्यज्यूहरु

अव म आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय व्यय पेश गर्ने अनुमति चाहन्छु।

आ.व. २०८२/०८३ मा संघीय सरकार समानीकरण अनुदान **बाट रु. १० करोड ४४ लाख**, संघीय राजश्व बाँडफाँड बाट प्राप्त हुने **रु. १४ करोड ६८ लाख**, संघीय समपुरक बाट **रु. ७१ लाख**, संघीय सशर्त अनुदान बाट **रु. २१ करोड ५४ लाख**, संघीय विशेष अनुदान बाट प्राप्त हुने **रु.८० लाख**, र यसैगरी प्रदेश सरकार बाट प्राप्त हुने रकमहरुमा राजश्व बाँडफाँड बापत प्राप्त हुने कुल रकम **रु. ४१ लाख ५३ हजार**, प्रदेश समानीकरण अनुदान बाट प्राप्त हुने **रु.८४ लाख ९४ हजार**, प्रदेश शसर्त अनुदान बापत प्राप्त रकम **रु.५५ लाख** , प्रदेस समपुरक अनुदान बाट **रु. १ करोड**, यसै गरी आन्तरिक राजश्व बाट हुने आम्दानी **रु. १ करोड १४ लाख ५० हजार** र गत बर्षको मौजदात रकम **रु. ७५ लाख** गरी **जम्मा ५२ करोड ८७ लाख ९७ हजार** को आयव्यय विवरण प्रस्तुत गरेको छु, जस मध्ये चालु तर्फ **रु. ३७ करोड २२ लाख ५८**

विधिराज सोती
प्रमुख प्रशासकीय अधिकृत
गाउँ सभा
सचिव

चक्र बहादुर बोगटी रावल
गाउँ सभा
अध्यक्ष

हजार ५०० अर्थात ७०.४% र पुजीगत तर्फ रु. १५ करोड ६५ लाख ३८ हजार ५०० अर्थात २९.६% रकम विनियोजन गरेको छु।

सभाध्यक्ष महोदय, गाउँसभआ सदस्यज्यू

अव म क्षेत्रगत रुपमा विनियोजित बजेट प्रस्तुत गर्न गईरहेको छु,

भौतिक पुर्वाधार:

- ❖पालिकाको भौगोलिक बिकटतालाई मध्यनजर गर्दै पालिका सम्म आवत जावतमा सहज बनाउनका लागि पालिकाका बाटाहरु खोल्न एवं बनेका बाटाहरुको स्तरोन्नती गर्न आवस्यक रकम व्यवस्थापन गरेको छु।
- ❖यसैगरी पूर्वाधार विकासको लागि पालिकामा रहेका बाटाहरु बाह्रै महिना संचालन गर्न तिनको स्तरोन्नती गरी संचालन गर्नका लागि आवस्यक रकम विनियोजन गरेको छु।
- ❖गाउँपालिका अन्तर्गत सम्पूर्ण भौतिक पूर्वाधार विकास क्षेत्रको लागि **रु.२ करोड ४४ लाख** रकम विनियोजन गरेको छु। साथै सामाजिक विकास क्षेत्र अन्तर्गत शैक्षिक पूर्वाधार विकासको लागि रु.**८३ लाख** विनियोजन गरेको छु।
- ❖ समग्रमा पूवाधार विकास क्षेत्र अन्तर्गत **रु. १० करोड २ लाख ९३ हजार** ५०० विनियोजन गरेको छु।

सामाजिक विकासक्षेत्र:

❖**शिक्षा:**

चुरे गाउँपालिकाको भुगोल आफैमा ठुलो रहेको छ बस्तीहरु छरिएर रहेको बस्ति अनुसार विद्यालय नभएको हुदा स्थानीय बासीहरुले दरवन्दी विना संचालन गरेका विद्यालयहरुलाई व्यवस्थापन गर्न कठिनाई भएको बर्तमान अवस्थामा पालिकाले आफ्नो कार्यविधि बनाई

विधिराज सोती
प्रमुख प्रशासकीय अधिकृत
गाउँ सभा सचिव

चक्र बहादुर बोगटी
अध्यक्ष

शिक्षक पदपुर्ति गरेको कार्य पुनः यस वर्ष पनि निरन्तरता दिएको छ।शिक्षाको सर्वाङ्गिण विकास गर्नको लागि **रु. २ करोड ९० लाख** बजेट विनियोजन गरेको छ।

❖ **स्वास्थ्य:**

मानविय स्वास्थ्य लाई विशेष ध्यान दिदै पालिकामा रहेको स्वास्थ्यकर्मी र आधारभुत स्वस्थ्य सेवा केन्द्र व्यवस्थापनका साथै स्वास्थ्य क्षेत्रको समुन्नत विकासको **लागि रु.१ करोड ९१ लाख** बजेट विनियोजन गरेको छ।

❖आयर्वेद तर्फ **रु. ५ लाख**, विनियोजन गरेको छ।

❖**सिचाँई**

गाउँपालिका क्षेत्रभित्रका कृषिजन्य उपजका लागि भएको विद्यमान सिचाई समस्या समाधान गर्न कुलो निर्माण तथा मर्मत सम्भारको लागि **रु. ११ लाख ५० हजार** विनियोजन गरेको छ।

❖**लंगिक समानता तथा सामाजिक समावेसिकरण:-**

महिला बालबालिका, जेष्ठ नागरिक अपांगता भएका व्यक्ति दलित आदिवासी जनजाती सँग सम्बद्ध कार्यक्रम गर्नका लागि **रु. ३० लाख** बजेट विनियोजन गरेको छ।

❖सामजिक विकास तथा स्थानीय भाषा संस्कृतीहरुको संरक्षण तथा जगेर्ना गर्नको **लागि रु. ३ लाख ७० हजार** रकम विनियोजन गरेको छ।

❖समग्र सामाजिक विकास क्षेत्र **तर्फ रु. ३० करोड ८० लाख ५०हजार** विनियोजन गरेको छ।

सभाध्यक्ष मोहदय, सभाका सदस्यज्यूहरु:

आर्थिक विकास:

❖**कृषि तथा पशुपञ्क्षी**

विविराज सोती
प्रमुख प्रशासकीय अधिकृत
गाउँसभा
सचिव

चक्र बहादुर बोगटी
अध्यक्ष

नेपाल कृषि प्रधान देश हो , त्यसमा हाम्रो चुरे गाउँपालिका वनजंगलले भरिभराउ हनका साथै बेमौसमी तरकारी खेती , फलफुल खेतीको लागि प्रचुर सम्भावना बोकेको छ, कृषि क्षेत्रलाई व्यवसयिक तथा रोजगारीमुलक बनाउन कृषि क्षेत्रमा बिउबिजन खरिद वितरण, किटनासक अषधी लागायत कृषिको बिकासको लागि टेवा पुग्ने गरी काम गर्नको लागि **रु. ४५ लाख** बजेट विनियोजन गरेको छु ,

❖**पशुसेवा**

पशुसेवा विकासको लागि **रु. ३० लाख** बजेट विनियोजन गरेको छु।

❖ **सिचाँई**

गाउँपालिकाको कृषि क्षेत्रमा सिचाँई सुविधा व्यवस्थापनको लागि **रु. ३८ लाख** रकम विनियोज गरेको छ।

❖**सूचना प्रविधि:**

चुरे गाउँपालिका भित्रका वडा कार्यलय, स्वास्थ्य संस्था विद्यालयहरुमा दिगो इन्टरनेट विकासका साथै सुचना प्रविधि मैत्री बनाउन तथा संघीय सरकारले अवलम्वन गरेको सूचना प्रविधी मैत्री शासन प्रणालीको विकास गर्ने नीति अनुरुप गाउँपालिकालाई प्रविधि मैत्री बनाउन लागि **रु. ३० लाख** बजेट विनियोजन गरेको छु।

❖समग्र आर्थिक विकास क्षेत्रको लागि रु. २ करोड २३लाख ५० हजार विनियोजन गरेको छु।

❖**सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र**

पालिकाको समग्र सुशासन लगायत अन्य क्षेत्रको लागि रु. १ करोड ४० लाख रकम विनियोजन गरेको छु।

विविराज, सेती
प्रमुख प्रशासकीय अधिकृत
गाउँसभा
सचिव

चक्र बहादुर बोगटी
अध्यक्ष

❖योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध हुन चाहने गाउँपालिका तथा मातहतका निकायमा कार्यरत अस्थायी तथा करार सेवाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनको लागि आवश्यक बजेट विनियोजन गरेको छ।

❖गाउँपालिका मातहतका सम्पूर्ण कार्यालयमा अनिवार्य रुपमा ई-हाँजिरी लागु गरिनेछ सोको लागि आवश्यक बजेट विनियोजन गरेको छ।

❖**न्यायीक समिति:**

नेपालको संविधान २०७२ ले न्याय सम्पादनको कार्य पनि स्थानीय तहलाई प्रदान गरेको छ। संविधानत गाउँपालिकाले गर्नु पर्ने न्यायिक सम्बन्धी सम्पूर्ण कामकाजको लागि **रु. ११ लाख** बजेट विनियोजन गरेको छ।

❖सामाजिक सुरक्षा अन्तर्गत राट्रिय परिचय पत्र तथा पंजिकरणका कामलाई प्रभावकारी रुपमा संचालन गर्न र तथ्याङ्कमा विश्वशनियता कायम गर्ने कार्याका लागि रु. ८ **लाख विनियोजन गरेको छ।**

❖**वन तथा वातारण विपद व्यवस्थापन:**

चुरेको भुभाग आफैमा दलदल रहेको भिरालो क्षेत्र रहेको छ। यहाँ बर्षेनी बाढी पहिरोको जोखिम बढिरहेको बर्तमान अवस्थामा बिभिन्न समयमा बिस्तापित हुने सम्भावना रहेको छ। यसैले आगामि दिनमा हन सक्ने विपद जोखिम सम्बन्धी कामकाज गर्नका लागि **रु. ४० लाख** बजेट विनियोजन गरेको छ।

अन्यक्षेत्र तथा लागत साझेदारी अन्तर्गत

❖यसै गरी प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी अन्तर्गत **रु.२१ लाख ७२ हजार**, उद्यम विकास तर्फ **रू ५ लाख**, भुमी व्यवस्थापन तर्फ **रु. ८ लाख**,

❖चुरे गाउँपालिकाको वडाको भुगोल, जनसंख्या, र राजश्व संकलनको मापदण्डलाई आधार मानी सम्पूर्ण वडाहरुको लागि **रु. ३ करोड २० लाख** रुपिया बजेट विनियोजन गरेको छ, जस्मा

विविराज सोती
प्रमुख प्रशासकीय अधिकृत
सचिव

धर्म बहादुर बोगटी क्षेत्री
अध्यक्ष

१. वडा नं. १ रु. ६० लाख

२. वडा नं. २ रु.४५ लाख

३. वडा नं. ३ रु.५० लाख

४. वडा नं. ४ रु.५५ लाख

५. वडा नं. ५ रु.५०लाख

६. वडा नं. ६ रु.६५ लाख

❖यसै गरी नेपाल सरकार, प्रदेश सरकार सँग समपुरक अनुदान साझेदारीको लागि **रु. १ करोड ६८ लाख ९३ हजार ५०० ,स्थानीय जलवायु अनुकुलन परियोजना (LACC)** सँग साझेदारीको लागि **रु. ६० लाख** विनियोजन गरेको छु।

❖समग्र गाउँपालिका, वडा कार्यालय, पशु तथा कृषि सेवा केन्द्र ,स्वास्थ्य संस्थाहरुको कार्यालय संचालन शिर्षकमा **रु. ८ करोड ५७ लाख ३ हजार ५००** विनियोजन गरेको छु।

अन्त्यमा:

यस नीति, कार्यक्रम तथा बजेटले चुरे क्षेत्रका बासिन्दाहरुको प्रत्यक्ष रुपमा आर्थिक तथा सामाजिक पुर्वाधारको स्थापना शिक्षा स्वास्थ्य, खानेपानी सरसफाई, वन तथा वातावरण लगायतका क्षेत्रमा उल्लेखनिय परिवर्तन भई आम नागरिकहरुमा प्रत्यक्ष रुपमा परिवर्तनको अनुभुती सहित समृद्ध चुरे सुखी चुरे बासी भएको हुनेछायस गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम वार्षिक अनुमानित आय व्यय (बजेट) बनाउन सुझाव सल्लाह दिनुहुने श्रध्येय गाउँपालिका अध्यक्ष, सम्पूर्ण वडा अध्यक्ष, कार्यपालिका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, विषयगत शाखाका शाखा प्रमुखज्यूहरु लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई धन्यावाद दिन चाहन्छु।साथै यस बैठकमा उपस्थित सभाध्यक्ष

विविराज सोती
प्रमुख प्रशासकीय अधिकृत

गाउँ सभा
सचिव

चक बहादुर बोगटी रावल
अध्यक्ष

महोदय एवं गाउँसभाका पार्षद सदस्यहरुलाई हृदय देखि नै धन्यावाद दिन चाहन्छुासाथै गाउँसभामा आई सभ्य र मर्यादित तरिकाले सम्पन्न गराउन सहयोग गर्न हुने सम्पूर्ण राष्ट्रसेवक कर्माचारीहरु सुरक्षाकर्मी , पत्रकार महानुभाव,सम्पूर्ण सरोकारवाल सबैमा धन्यावाद दिदै विदा हुन्

धन्यबाद !

विविराज सोती
प्रमुख प्रशासकीय अधिकृत
गाउँ सचिव

शेर बहादुर बोगटी
अध्यक्ष